# कार्यशाला गोष्ठी रिपोर्ट

राष्ट्रिय कार्यशाला गोष्ठी

# विश्व व्यापार संगठन र नेपालको कृषि क्षेत्र

२०६३ चैत्र २८, काठमाडौं

आयोजक

प्रो पब्लिक, राष्ट्रिय सिंचाई जल उपभोक्ता महासंघ र सावती

राष्ट्रिय कार्यशाला गोष्ठी

# विश्व व्यापार संगठन र नेपालको कृषि क्षेत्र

२०६३ चैत्र २८, काठमाडौं

जनहित संरक्षण मञ्च (प्रो पव्लिक), राष्ट्रिय सिंचाई जल उपभोक्ता महासंघ र साउथ एसिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड एन्भायरोन्मेन्ट (सावती) को संयुक्त आयोजनामा मिति २०६३/१२/२८ मा "विश्व व्यापार संगठन र नेपालको कृषि क्षेत्र" विषयक एक दिने राष्ट्रिय कार्यशाला गोष्ठी सम्पन्न भयो । कार्यक्रमको मुख्य उद्देश्य राष्ट्रिय सिंचाई जल उपभोक्ता महासंघका जिल्ला प्रतिनिधिहरूलाई विश्व व्यापार संगठन (World Trade Organisation – WTO) र यसका विविध प्रावधानहरुका बारे जानकारी दिंदै नेपाल उक्त संगठनको सदस्य राष्ट्र बनिसकेको परिप्रेक्ष्यमा यसबाट नेपाली किसानहरुका सामु आइपरेका अवसर र चुनौतिहरूका बारे छलफल गर्ने रहेको थियो । कार्यक्रममा ४५ जिल्लाका प्रतिनिधिहरू समेत गरी जम्मा ६३ जना सहभागीहरूको सहभागिता रहेको थियो । *(सहभागीहरूको नामको लागि अनुसूचि १ हेर्नुहोला)*

कार्यक्रममा प्रो पब्लिकका वरिष्ठ कार्यक्रम अधिकृत श्री पुष्प शर्माले कार्यक्रमको उद्देश्यका बारे प्रकाश पार्नु भएको थियो भने सहभागीहरुलाई महासंघका केन्द्रिय अध्यक्ष श्री रामप्रसाद मेहताले स्वागत गर्नु भएको थियो । कुनै औपचारिकता बिना शुरू गरिएको उक्त कार्यक्रमलाई तीनवटा प्राविधिक सत्रहरूमा विभाजन गरिएको थियो । *(कार्यक्रम तालिकाको लागि अनुसूचि २ हेर्नुहोला)*

## १. प्रथम सत्र: *नेपालमा कृषिको व्यावसायिकरण: अवसर र चुनौति*

### १.१ प्रस्तुती

कार्यक्रमको पहिलो सत्रमा कृषि मन्त्रालयका उप-सचिव तथा वरिष्ठ कृषि अर्थशास्त्री डा. कृष्ण प्रसाद पन्तले नेपालमा कृषिको व्यावसायिकरणका बारे प्रस्तुती गर्नुभएको थियो । वहाँका अनुसार कृषिको व्यावसायिकरणका लागि सहज व्यापारिक अवस्था र प्रतिस्पर्धात्मक क्षमता हुनु अनिवार्य छ । सहज व्यापारिक अवस्था भनेको सहज यातायात अवस्था, न्युन भन्सार दर, आदि भएको र गैर कर अवरोध नभएको झण्झटरहित अवस्था हो भने प्रतिस्पर्धात्मक क्षमता भनेको कुशल उत्पादन प्रणालीद्वारा गुणस्तरीय वस्तु उत्पादन गर्न सक्ने क्षमता हो । कृषिको सफल व्यावसायिकरणका लागि गुणस्तरीय वस्तुको उत्पादन र सो वस्तु बिक्रीको लागि बजारको सहज पहुँच आवश्यक हुने भएकोले कुनै वस्तुको व्यावसायिक उत्पादन गर्नुपूर्व सो वस्तुको गुणस्तरीय उत्पादन गर्न सकिन्छ/सकिन्न, गुणस्तर नियन्त्रण गर्न सकिन्छ/सकिन्न, आवश्यक प्रयोगशाला छ/छैन र सो वस्तुको बजार छ/छैन भन्ने कुरामा ध्यान पुऱ्याउनुपर्ने सुझाव डा. पन्तले दिनु भयो ।

डा.पन्तका अनुसार नेपालजस्तो अल्पविकसित राष्ट्रको कृषिलाई व्यावसायिकरण गरी विश्व बजारबाट लाभ प्राप्त गर्न व्यवसायहरू बीचको सम्बन्धको स्तर, सरकारी नीति/नियम, आदि धेरै कुराले प्रभाव पारेको हुन्छ । नेपालको सन्दर्भमा कृषि क्षेत्रले सानो स्तरको उत्पादन गरिरहेको; खण्डिकृत जमीन भएको; पूर्वाधार (सडक, सिंचाई, विद्युत्, आदि) को अभाव भएको; बजार र सुचना प्रविधिबाट टाढा भएको र सरकारी सहयोग तथा अनुदान नपाएकोले उच्च लागत बेहोरिरहेको छ । कृषिमा आश्रित समुदायलाई जीविका चलाउन पनि गाह्रो भईरहेको अवस्थामा अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको गुणस्तरीय उत्पादन गरेर विश्व बजारमा व्यापार गर्न सजिलो नभएको विचार वहाँले व्यक्त गर्नुभयो । डा. पन्तले व्यावसायिक खेती गरेर विश्व बजारमा निर्यात गर्न आपूर्ति पक्ष मात्र हेरेर हुँदैन भन्नु हुँदै गुणस्तरको ग्यारेन्टी, स्वास्थ्य प्रमाण पत्र, उत्पादन सम्बन्धी सम्पूर्ण सुचना र त्यसको ग्यारेन्टीको प्रत्याभुति खोज्ने अति प्रतिस्पर्धात्मक अन्तर्राष्ट्रिय बजारको आवश्यकता पुरा गर्न हाम्रो जस्तो अल्पविकसित राष्ट्रलाई सजिलो नभएको बताउनुभयो ।

प्रस्तुतिको अन्त्यमा डा. पन्तले नेपाल सरकारले नेपालमा कृषि क्षेत्रको विकासको लागि कृषि नीति २०६१ र कृषिको व्यावसायिकरणको लागि कृषि व्यावसाय प्रवर्द्धन नीति २०६३ ल्याएको जानकारी दिनुभयो । परिवर्तित सन्दर्भमा नेपालमा कृषिको व्यावसायिकरण गरी नेपाली कृषकलाई लाभान्वित बनाउन सरकारले कृषि पूर्वाधारमा लगानी गर्नुपर्ने, कृषिसँग सम्बन्धित उद्योगहरुमा लगानीलाई प्रोत्साहित गर्नुपर्ने, विश्व व्यापार संगठन अनुरुपको प्राविधिक मापदण्ड पुरा गराउन गुणस्तर नियन्त्रण गर्नुपर्ने, उत्पादक/प्रशोधकले तुलनात्मक लाभको क्षेत्र खोजी मौलिक वस्तुको उत्पादनमा जोड दिनुपर्ने, र बजार पहुँच बढाउन सरकारी वार्ताकारहरूको क्षमता अभिवृद्धि गरिनुपर्ने बताउनुभयो ।

## १.२ टिप्पणी

प्रस्तुती माथि टिप्पणी गर्नुहुँदै राष्ट्रिय श्रम प्रतिष्ठानका महासचिव डा. शिव शर्माले पूर्वाधारको अभाव, सरकारी उपेक्षा र कृषिको लागि आवश्यक व्यावसायिक वातावरणको अभावले नेपालको कृषि क्षेत्र पिछडिएको र उपेक्षित रहेको बताउनु भयो । डा. शर्माले भन्नुभयो - उत्पादन क्षेत्र र मोटरबाटोको दुरी जति बढी हुन्छ, व्यावसायिकरणको सम्भावना त्यत्ति नै कम हुन्छ । तसर्थ कृषिको व्यावसायिकरणको लागि बाटोको सञ्जाल व्यापक हुनुपर्ने कुरामा वहाँले जोड दिनुभयो । सडक सुविधाका अतिरिक्त नेपाली कृषकहरू सिंचाई र कृषि Cणको सुविधाबाट वञ्चित रहेकोले पनि नेपालको कृषि क्षेत्र पिछडिएको कुरा वहाँले बताउनुभयो । नेपालको कृषि क्षेत्र प्रतिस्पर्धात्मक हुन नसक्नुमा सरकारी उदासिनता पनि प्रमुख कारण रहेको बताउनुहुँदै वहाँले भन्नुभयो - भारत सरकारले प्रतिवर्ष कुल कृषि उत्पादनको झण्डै एक चौथाई कृषि क्षेत्रको विकासको लागि खर्च गर्छ तर नेपालमा कृषि क्षेत्रमा गरिने सरकारी लगानी प्रतिवर्ष घटिरहेको छ । महँगो मल, सिंचाई तथा विद्युतमा अनुदानको अभाव, आदि कारणले गर्दा नेपाली कृषि उत्पादन अत्यन्त महँगो हुन गई प्रतिस्पर्धात्मक बन्न नसकेको वहाँले बताउनुभयो । साथै वहाँले जमीनको असमान वितरण,

निर्वाहमुखी कृषि प्रणाली, कृषि बीमा सुविधाको अभावमा जोखिम उठाउने आँटको कमी, आदिले गर्दा पनि नेपालमा कृषिको व्यावसायिकारण हुन नसकेको विचार व्यक्त गर्नुभयो ।

यस सत्रका अर्का टिप्पणीकार तथा एकिकृत स्रोत व्यवस्थापन परामर्श केन्द्रका निर्देशक डा. गोपीकृष्ण सेढाईले देशको आवश्यकता र सरकारले अपनाएको नीतिमा सामञ्जस्यता नमिलेकोले नेपाली कृषि क्षेत्रले दुरावस्था भोग्नुपरेको कुरा व्यक्त गर्नुभयो । कृषिमा दिइएको अनुदानको दुरुपयोग भएको विगतको यथार्थबाट पाठ सिक्नु पर्ने बताउदै डा. सेढाईले सरकारले अनुदान दिनुभन्दा कृषिको लागि आवश्यक पूर्वाधार विकास गर्न तथा किसानको क्षमता अभिवृद्धि गर्न खर्च गर्नुपर्ने धारणा राख्नु भयो । वहाँले कृषि क्षेत्रको विकासको लागि राजनीतिक प्रतिवद्धताको अभाव रहेको बताउनुभयो ।

### १.३ छलफल र अध्यक्षज्यूबाट सत्रको समापन

प्रस्तुती र टिप्पणी पछि छलफलमा भाग लिँदै सहभागीहरुले कृषिको लागि अनुदान नदिएकोमा र कृषि कार्यक्रमको लागि भन्दा प्रशासनिक कामको लागि खर्च बढी हुने गरेकोमा सरकारी नीतिको आलोचना गरे । किसान संगठनहरु पनि पेशागत हकहितका लागि भन्दा दलीय स्वार्थमा लागेकोले कृषि क्षेत्रका मुद्दाहरु मूल राजनीतक मुद्दा बन्न नसकेको राय उनीहरूले व्यक्त गरे ।

उक्त सत्रको अध्यक्षता गर्नु भएका कृषि मन्त्रालयका सह-सचिव श्री दलराम प्रधानले नेपालको कृषि क्षेत्र पछिडिएको कुरा स्वीकार्नु हुँदै यस क्षेत्रमा काम नै नभएको नभई राम्रा कुरालाई अन्य ठाउँमा अनुकरण गर्न र जनसमक्ष ल्याउन नसकेको धारणा राख्नु भयो ।

## २. दोस्रो सत्रः *नेपालको विश्व व्यापार संगठनको सदस्यता र नेपाली कृषि क्षेत्र*

### २.१ प्रस्तुती

कार्यक्रमको दोस्रो सत्रमा सावतीका कार्यकारी निर्देशक श्री नवीन दाहालले प्रस्तुती गर्नुभएको थियो । विश्व व्यापार संगठनबारे जानकारी दिनुहुँदै श्री दाहालले सन् १९९५ मा स्थापना भएको यस संगठनमा हालसम्म १५० राष्ट्रहरु सदस्य रहेको र नेपाल सन् २००४ मा यसको १४७ औं सदस्य भएको बताउनु भयो । अन्तर्राष्ट्रिय व्यापारलाई उदार, पारदर्शी र नियमबद्ध बनाउने उद्देश्य रहेको विश्व व्यापार संगठन अन्तर्गत धेरै सम्झौताहरु रहेको र प्रत्येक सदस्य राष्ट्रले यी सम्झौताहरूको पालना कानुन सरह गर्नुपर्ने जानकारी श्री दाहालले सहभागीहरूलाई गराउनुभयो । विश्व व्यापार संगठनका सम्झौताहरू मध्ये कृषि क्षेत्रसँग सम्बन्धित सम्झौताहरुमा कृषि सम्बन्धी सम्झौता (Agreement on Agriculture – AoA); व्यापारसँग सम्बन्धित बौद्धिक सम्पत्तिको अधिकार सम्बन्धी सम्झौता (Trade Related Aspects of Intellectual Property Rights – TRIPS); मानव, पशु र वनस्पति स्वास्थ्य सम्बन्धी सम्झौता (Agreement on the Application of Sanitary and Phytosanitary Measures – SPS) र व्यापारका प्राविधिक अवरोधहरू सम्बन्धी

सम्झौता (Agreement on Technical Barriers to Trade – TBT) प्रमुख रहेको वहाँले बताउनुभयो ।

कृषि सम्बन्धी सम्झौताको मुख्य विषय भनेको बजार पहुँच र अनुदान सम्बन्धी प्रावधान हो भन्नुहुँदै श्री दाहालले पश्चिमी राष्ट्रहरुले नै यसका सिद्धान्तहरुको उल्लंघन गरिरहेको कुरा बताउनुभयो । विकसित राष्ट्रहरुले एकातिर अल्पविकसित देशले निर्यात गर्न सक्ने डेरी उत्पादन, केरा, सागसब्जी र खाद्यान्नमा बढी भन्सार लगाएर अवरोध सृजना गरिरहेका छन् भने अर्कोतिर आफ्ना किसानहरुलाई निर्यातमा अनुदान पनि दिइरहेका छन् भन्नुभयो ।

नेपालको चर्चा गर्दै श्री दाहालले कृषिमा लगभग सत्तरी प्रतिशत जनसंख्याले रोजगारी पाइरहेको र देशको कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान करीब ३८ प्रतिशत रहेको जानकारी दिनुभयो । कुनै समय खाद्यान्न निर्यात गर्ने यो देश अहिले आएर खाद्यान्न आयातकर्ता भएको छ भन्नहुँदै वहाँले कृषि उपजको आयातमा नेपालले कोटामा आधारित कर (Tariff Rate Quota - TRQ) नलगाएको र संरक्षणका विशेष उपाय (Special Safeguard Measures – SSM) पनि अवलम्बन नगरेकोले नेपालको कृषि क्षेत्र उदार रहेको बताउनुभयो ।

विश्व व्यापार संगठनमा व्यक्त प्रतिबद्धता अनुरूप नेपालले कृषि उपजको आयातमा ४२ प्रतिशत सम्म भन्सार कर लगाउन मिल्ने र कृषि सम्बन्धी सम्झौताको प्रावधान बमोजिम अति कम विकसित राष्ट्र भएको नाताले कुल कृषि उत्पादनको १० प्रतिशत सम्म अनुदान दिन पाईने व्यवस्था रहेको जानकारी दिनुभयो । तर भन्सार करको सम्बन्धमा एकातिर भारतसँगको द्विपक्षीय व्यापार सम्झौताको कारणले भारतबाट आयात हुने कृषि उपजमा कुनै कर लगाउन नमिल्ने र अर्कोतिर खाद्यान्न आयात गर्ने राष्ट्र भएकोले उपभोक्ताहरूको हितलाई ध्यानमा राखी अन्य राष्ट्रहरूबाट हुने आयातमा समेत उच्च भन्सार दर लगाउन नसकिने वहाँले बताउनुभयो । अनुदानका सम्बन्धमा भने नेपाली कृषकहरू आफ्नो हक अधिकारका लागि संगठित हुन नसकेको कारणले गर्दा नै उनीहरूले अनुदान पाउन नसकिरहेको विचार वहाँले व्यक्त गर्नुभयो ।

## २.२ टिप्पणी

श्री दाहालको प्रस्तुति माथि टिप्पणी गर्नुहुँदै स्वीस विकास तथा सहयोग नियोगकी कार्यक्रम अधिकृत श्रीमती यमुना घले उप्रेतीले नेपालमा भूमिहिन किसानको संख्या १० लाख रहेको र ती मध्ये अधिकांश आदिवासी, जनजाति, दलित र महिला रहेको बताउनुहुँदै किसानले स्रोतमाथि अधिकार प्राप्त नगरेसम्म व्यावसायिक खेती सम्भव नहुने कुरा व्यक्त गर्नुभयो । वहाँले कृषि उपजको गुणस्तरसँग सम्बन्धित विभिन्न सम्झौताहरूको कार्यान्वयन गर्न आवश्यक स्रोत र कृषकले प्राप्त गर्न सक्ने अनुदानको अभावका कारण नेपालको कृषि उपज अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धात्मक बन्न नसकेको टिप्पणी गर्नुभयो । नेपाली कृषि क्षेत्रको विकास गर्न बनाइएको दीर्घकालीन कृषि योजना र गरीबी निवारण रणनीतिपत्रले कृषिको विकास र व्यावसायिकरणको लागि आवश्यक भौतिक पूर्वाधार, कृषि ऋण, आदिका विषयमा राम्रो नीति अख्तियार गरेको भएपनि ती नीति लागु गर्ने निकायको असक्षमताका कारण परिणाम आउन नसकेको वहाँले

बताउनुभयो । कृषि क्षेत्रको विकासको लागि राजनीतिक प्रतिबद्धता अपरिहार्य रहेको भन्दै वहाँले कृषि क्षेत्रको विकासको लागि बनाइने नीति तथा कार्यक्रमहरू समावशी हुनुपर्ने धारणा राख्नुभयो ।

यस सत्रका अर्का टिप्पणीकार श्री रत्नाकर अधिकारी भने स्वास्थ्य समस्याका कारण उपस्थित हुन सक्नु भएन ।

### २.३ छलफल र अध्यक्षज्यूबाट सत्रको समापन

छलफलका क्रममा सहभागीहरुले प्रत्येक वर्ष कृषि बजेट घटाउँदै लगेको, कार्यक्रमको लागि भन्दा प्रशासनिक खर्च बढी गर्ने गरेको, परिवर्तित सन्दर्भमा निर्यात बढाउने कार्यक्रमहरू नल्याएको तथा अनुदान हटाएकोमा सरकारको आलोचना गरे । उनीहरूले नेपाली कृषकहरूमा प्रतिस्पर्धात्मक क्षमताको अभाव र कृषि क्षेत्रप्रति सरकारको उपेक्षा रहुन्जेल विश्व व्यापार संगठनको सदस्यताबाट नेपाललाई लाभ नहुने धारणा व्यक्त गरे ।

दोस्रो सत्रको अध्यक्षता गरिरहनुभएका कृषि सचिव श्री गणेश कुमार केसीले नेपालमा कृषिको विकासका लागि आवश्यक कार्यक्रमहरु प्रभावकारी रूपमा लागु गर्नका लागि अन्तरमन्त्रालय संयोजनको अभाव रहेको स्वीकार्नुभयो । साथै वहाँले नेपाली कृषकहरूलाई अनुदान दिने सम्बन्धमा र कृषकको हकहितको लागि कृषक मञ्चको स्थापना गर्ने सम्बन्धमा सरकारले आवश्यक कार्यहरू गरिरहेको जानकारी दिनुभयो ।

## ३. तेस्रो सत्र: *विश्व व्यापार संगठन अन्तर्गतको बौद्धिक सम्पत्तिको अधिकारका सन्दर्भमा कृषकको अधिकार*

### ३.१ प्रस्तुती

कार्यक्रमको तेस्रो सत्रमा सावतीको ग्रापोल परियोजनाका कार्यक्रम संयोजक श्री कमलेश अधिकारीले प्रस्तुती गर्नुभएको थियो । श्री अधिकारीले विश्व व्यापार संगठन अन्तर्गतको बौद्धिक सम्पत्तिको अधिकारका सन्दर्भमा कृषक अधिकारको बारे अन्तर्राष्ट्रिय स्तरमा कसरी बहस शुरु भयो भन्ने बारे जानकारी दिंदै भन्नुभयो - जैविक विविधता र परम्परागत ज्ञानको व्यापारिक प्रयोग बढ्दै जाँदा त्यसबाट केही बहुराष्ट्रिय कम्पनी मात्र लाभान्वित भएकाले जो स्रोतको वास्तविक धनी हो, उसको पनि त्यस्तो लाभमा समन्यायिक हिस्सा हुनुपर्छ भन्ने मान्यताका आधारमा कृषक अधिकारको बारे अन्तर्राष्ट्रिय स्तरमा नै बहस शुरू भएको हो ।

बौद्धिक सम्पत्तिको अधिकारको दायरा कृषिक्षेत्र सम्म विस्तार गरेको सम्बन्धमा यसका पक्षपातीहरुको भनाई छ - सबै प्रकारका आनुवंशिक स्रोतमा कुनैपनि राष्ट्र आत्मनिर्भर छैन । तसर्थ भविष्यमा आइपर्न सक्ने खाद्यान्न र औषधिको संकटलाई टार्न सबै राष्ट्रहरू एक अर्का माथि निर्भर हुनुपर्दछ । साथै बढ्दो जनसंख्याका लागि आवश्यक खाद्यान्न उपलब्ध गराउनका निम्ति नयाँ प्रविधि र वनस्पतिको विकास गर्ने सर्जकलाई प्रोत्साहित गर्नु जरूरी छ । तर

कृषिक्षेत्रमा बौद्धिक सम्पत्तिको अधिकारको विस्तारको विरोध गर्नेहरू भने बौद्धिक सम्पत्तिको अधिकारले जैविक विविधताको चोरी बढाउने, अधिकार प्राप्त व्यक्तिको एकाधिकार रहने र स्रोतका वास्तविक धनीहरू भने लाभबाट वञ्चित रहने धारणा राख्दछन् । यस परिप्रेक्ष्यमा जैविक विविधताको दीगो उपयोग र लाभको समन्यायिक बाँडफाँड सुनिश्चित गर्दै त्यसको व्यापारिक उपयोगको लागि व्यवस्थित पहुँच दिनका निम्ति सन्तुलन कायम गर्न आवश्यक रहेको धारणा श्री अधिकारीले व्यक्त गर्नुभयो ।

श्री अधिकारीका अनुसार विश्व व्यापार संगठन अन्तर्गतको व्यापारसँग सम्बन्धित बौद्धिक सम्पत्तिको अधिकार सम्बन्धी सम्झौता (ट्रिप्स) को धारा २७.३ (ख) ले यसका सदस्य राष्ट्रहरुलाई पेटेन्ट वा प्रभावकारी मौलिक पद्धति वा दुवैको समिश्रणको माध्यमद्वारा विरुवाका जातको संरक्षण गर्न बाध्य पारेको र नेपाल पनि विश्व व्यापार संगठनको सदस्य राष्ट्र भएकोले उ प्रभावकारी मौलिक पद्धतिद्वारा विरूवाका जातको संरक्षण गर्न प्रयासरत रहेको बताउनुभयो । पेटेन्ट अधिकारले सर्जकलाई उत्पादन, आयात निर्यात, आदिमा एकाधिकार प्रदान गर्दछ । तसर्थ जीवनको प्रकारमा समेत पेटेन्ट प्रदान गर्दा त्यसले गरीबहरूको जीवनयापनमा नै नराम्रो असर पार्न सक्दछ । तर वनस्पतिका जातको संरक्षणका लागि प्रभावकारी मौलिक पद्धति अवलम्बन गर्दा आफ्नो देशको आवश्यकता अनुसार किसानको अधिकार संरक्षण गर्ने, जैविक विविधताको दुरुपयोग हुन नदिने र जैविक चोरी रोक्ने प्रावधान समायोजन गर्न सकिन्छ । श्री अधिकारीले कृषक अधिकारका सम्बन्धमा सरकारले नीति/नियम बनाउँदा जैविक विविधता महासन्धि (Convention on Biological Diversity – CBD) र खाद्य तथा कृषिका लागि आवश्यक आनुवंशिक स्रोत सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि (International Treaty on Plant Genetic Resources for Food and Agriculture – ITPGRFA) लाई समेत ध्यानमा राख्नुपर्ने कुरा औंल्याउनु भयो ।

### ३.२ टिप्पणी

नेपाल कृषि अनुसन्धान परिषद्का वरिष्ठ वैज्ञानिक डा. देवेन्द्र गौचनले श्री अधिकारीको प्रस्तुति माथि टिप्पणी गर्दै विश्व व्यापार संगठनका सदस्य राष्ट्रहरूले वनस्पतिका जातको संरक्षण गर्नुपर्ने ट्रिप्सको प्रावधानले नेपाल जस्तो किसानहरुको बाहुल्य रहेको र निर्वाहमुखी खेती गरिने देशमा किसानहरुको बीऊ साटासाट र बेचविखन गर्न पाउने अधिकार, आफ्नो परम्परागत ज्ञान माथिको अधिकार, लाभको समन्यायिक बाँडफाँडको अधिकार र यीसँग सम्बन्धित विषयमा हुने निर्णय प्रक्रियामा सहभागी हुन पाउने अधिकार हनन् भएको धारणा राख्नुभयो । डा. गौचनले किसानहरु परापूर्व कालदेखि नै सामान्य खेती गर्ने किसान तथा कृषि मजदुर मात्र नभएर आनुवंशिक स्रोतको विकास गर्ने प्रजनक र ती स्रोतहरुको संरक्षण गर्ने संरक्षक पनि भएकाले ती स्रोतहरू माथि उनीहरुको अधिकार स्थापित हुनुपर्छ भन्ने मान्यता रहेको बताउनुभयो । जैविक विविधताको दीगो प्रयोग गर्दै त्यसको व्यापारिक उपयोगबाट प्राप्त हुने लाभ बढाउन र कृषकहरूको अधिकारको समेत संरक्षण गर्न अब नेपालले आफ्ना वार्ताकारहरुको क्षमता अभिवृद्धि गर्नुपर्ने सुझाव डा. गौचनले दिनुभयो ।

यस सत्रका अर्का टिप्पणीकर्ता तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सह-सचिव श्री रञ्जनकृष्ण अर्यालले नेपालले कृषकहरूको अधिकारमा प्रत्यक्ष प्रभाव पार्ने विभिन्न अन्तर्राष्ट्रिय सन्धि/सम्झौताहरूमा हस्ताक्षर गरेको र त्यस अनुसार राष्ट्रिय कानुनहरूको निर्माण गरिरहेको भएपनि यसबारे सबै सरोकारवालाहरूलाई आवश्यक जानकारीहरू उपलब्ध नगराएको बताउनुभयो । तसर्थ सरकारले सूचनाको हक स्थापित गर्नुपर्ने कुरामा वहाँले जोड दिनुभयो ।

### ३.३ छलफल र अध्यक्षज्यूबाट सत्रको समापन

कार्यक्रमका सहभागीहरुले नेपालका कृषि वैज्ञानिकहरु बीउको अनुसन्धान र विकासमा कमजोर भएकोले प्रत्येक वर्ष अर्बौं रुपैयाँ बीऊ खरिदको लागि विदेशिने गरेको टिप्पणी गरे ।

उक्त कार्यक्रमको अध्यक्षता गरिरहनु भएका राष्ट्रिय बीऊ विजन गुणस्तर नियन्त्रण केन्द्रका वरिष्ठ बीऊ विकास अधिकृत श्री महेशनाथ श्रेष्ठले निकट भविष्यमा आउन लागेको विरुवाका जातको संरक्षण सम्बन्धी ऐनले कृषिजन्य वनस्पतिको संरक्षण र विकासलाई प्रोत्साहित गर्ने आशा व्यक्त गर्नुभयो ।

## ४. कार्यक्रम समापन

कार्यक्रम अवधिभरी सहभागीहरुले सक्रिय रूपमा भाग लिएका थिए । उनीहरुले नेपाल सरकार र कृषि मन्त्रालय निस्क्रिय भएकोले नेपाली किसानहरुको अवस्था दयनीय भएको भन्दै सरकारको आलोचना गरे । त्यसैगरी कार्यक्रममा महिला सहभागिता न्युन भएको टिप्पणी गरे । गोष्ठीको विषय महत्वपूर्ण तर बुझ्न कठिन भएकोले किसानलाई सुसूचित गराउन आयोजित कार्यक्रमको समय कम भएको र एक पटकको गोष्ठी पर्याप्त नभएको विचार पनि सहभागीहरूका तर्फबाट आएको थियो ।

अनुसूचि १

# “विश्व व्यापार संगठन र नेपालको कृषि क्षेत्र” विषयक राष्ट्रिय कार्यशाला गोष्ठी

आयोजकः प्रो पब्लिक, राष्ट्रिय सिंचाई जल उपभोक्ता महासंघ र सावती

२०६३ चैत्र २८, काठमाडौं

## सहभागीहरूको नामावली

| क.सं | नम | सम्बद्ध संस्था | जिल्ला |
|---|---|---|---|
| १ | रामहरि शर्मा | रा.सि.ज.उ. महासंघ | काठमाडौ |
| २ | कल्पना राजथला | रा.सि.ज.उ. महासंघ | भक्तपुर |
| ३ | अष्टमान महर्जन | रा.सि.ज.उ. महासंघ | ललितपुर |
| ४ | डू नारायण चौधरी | रा.सि.ज.उ. महासंघ | सुनसरी |
| ५ | बाबु लाल यादव | रा.सि.ज.उ. महासंघ | पर्सा |
| ६ | रामाश्रय प्र. साह | रा.सि.ज.उ. महासंघ | बारा |
| ७ | पूर्ण प्र. भट्टराई | रा.सि.ज.उ. महासंघ | मोरङ्ग |
| ८ | मान ब. खाती | रा.सि.ज.उ. महासंघ | तनहूँ |
| ९ | तुलसी चौलागाईं | रा.सि.ज.उ. महासंघ | इलाम |
| १० | राजेन्द्र कुमार उप्रेती | रा.सि.ज.उ. महासंघ | मकवानपुर |
| ११ | पदम कँडेल | रा.सि.ज.उ. महासंघ | सुर्खेत |
| १२ | गिरी राज शर्मा | रा.सि.ज.उ. महासंघ | कंचनपुर |
| १३ | पवन प्रसाद अर्याल | रा.सि.ज.उ. महासंघ | काठमाडौ |
| १४ | साबित्री लामिछाने | रा.सि.ज.उ. महासंघ | गोरखा |
| १५ | नारायण प्र. सिंखडा | रा.सि.ज.उ. महासंघ | काठमाडौ |
| १६ | दर्वेन्द्र देव खनाल | रा.सि.ज.उ. महासंघ | स्याङजा |
| १७ | जीवनारायण कोइराला | रा.सि.ज.उ. महासंघ | अर्घाखाँची |
| १८ | धर्म कृष्ण श्रेष्ठ | रा.सि.ज.उ. महासंघ | सिन्धुपाल्चोक |
| १९ | कारी यादव | रा.सि.ज.उ. महासंघ | धनुषा |
| २० | शिवराज पाण्डेय | रा.सि.ज.उ. महासंघ | कंचनपुर |
| २१ | विष्णु प्र. खतिवडा | रा.सि.ज.उ. महासंघ | झापा |
| २२ | राम प्रसाद मेहता | रा.सि.ज.उ. महासंघ | काठमाडौ |
| २३ | श्रीराम आचार्य | रा.सि.ज.उ. महासंघ | काठमाडौ |
| २४ | गोमा विष्ट | रा.सि.ज.उ. महासंघ | काठमाडौ |
| २५ | दामोदर खड्का | रा.सि.ज.उ. महासंघ | काठमाडौ |
| २६ | लालबिर चौधरी | रा.सि.ज.उ. महासंघ | कैलाली |
| २७ | वसन्त बराल | रा.सि.ज.उ. महासंघ | कास्की |

| | | | |
|---|---|---|---|
| २८ | डवल सिह साउद | रा.सि.ज.उ. महासंघ | बर्दिया |
| २९ | सूर्य बहादुर विष्ट | रा.सि.ज.उ. महासंघ | बर्दिया |
| ३० | गोविन्द कार्की | रा.सि.ज.उ. महासंघ | संखुवासभा |
| ३१ | कुमार राज शाही | रा.सि.ज.उ. महासंघ | काठमाडौ |
| ३२ | झोले प्रसाद थारु | रा.सि.ज.उ. महासंघ | काठमाडौ |
| ३३ | गोपाल जोशी | रा.सि.ज.उ. महासंघ | पाल्पा |
| ३४ | गंगा वहादुर के.सी | रा.सि.ज.उ. महासंघ | काठमाडौ |
| ३५ | बासु शर्मा | रा.सि.ज.उ. महासंघ | काठमाडौ |
| ३६ | लक्ष्मी प्रकाश राजभण्डारी | रा.सि.ज.उ. महासंघ | प्यूठान |
| ३७ | पवित्रा जी.सी | रा.सि.ज.उ. महासंघ | प्यूठान |
| ३८ | दलराम प्रधान | कृषि तथा सहकारी मन्त्रालय | काठमाडौ |
| ३९ | नेहा के.सी | रा.सि.ज.उ. महासंघ | काठमाडौ |
| ४० | डा. गोपी कृष्ण सेढाईं | एकिकृत स्रोत व्यवस्थापन परामर्श केन्द्रं | काठमाडौ |
| ४१ | डा. कृष्ण प्रसाद पन्त | कृषि तथा सहकारी मन्त्रालय | काठमाडौ |
| ४२ | डा. शिव शर्मा | राष्ट्रिय श्रम प्रतिष्ठान | काठमाडौ |
| ४३ | डा. देवेन्द्र गौचन | नेपाल कृषि अनुसन्धान परिषद् | ललितपुर |
| ४४ | लवेश प्याकुरेल | एभिन्यूज टि.भी | काठमाडौ |
| ४५ | निरन्जल कायस्थ | एभिन्यूज टि.भी | काठमाडौ |
| ४६ | यमुना घले उप्रेती | स्वीस विकास तथा सहयोग नियोग | ललितपुर |
| ४७ | नवीन दाहाल | सावती | काठमाडौं |
| ४८ | शम्भु प्रसाद दुलाल | रा.सि.ज.उ. महासंघ | काठमाडौ |
| ४९ | रञ्जन कृष्ण अर्याल | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | काठमाडौ |
| ५० | कमलेश अधिकारी | सावती | काठमाडौ |
| ५१ | पुरूषोत्तम भट्टराई | रा.सि.ज.उ. महासंघ | सल्यान |
| ५२ | शारदा खड्का | रा.सि.ज.उ. महासंघ | सल्यान |
| ५३ | केदार कोइराला | रा.सि.ज.उ. महासंघ | काठमाडौ |
| ५४ | खेमराज शर्मा | सिंचाई विभाग | काठमाडौ |
| ५५ | श्याम प्रसाद राजभण्डारी | सिंचाई विभाग | काठमाडौ |
| ५६ | हिरामणी आचार्य | रा.सि.ज.उ. महासंघ | काठमाडौ |
| ५७ | रामलखन हरिजन | रा.सि.ज.उ. महासंघ | काठमाडौ |
| ५८ | महेश नाथ श्रेष्ठ | बीऊ विजन गुणस्तर नियन्त्रण केन्द्र | ललितपुर |
| ५९ | भरत मणि शर्मा | प्रो पब्लिक | काठमाडौ |
| ६० | गणेश कुमार के.सी | कृषि तथा सहकारी मन्त्रालय | काठमाडौ |
| ६१ | पुष्प शर्मा | प्रो पब्लिक | काठमाडौं |
| ६२ | प्रकाश घिमिरे | प्रो पब्लिक | काठमाडौं |
| ६३ | मनोज थापा | प्रो पब्लिक | काठमाडौं |

अनुसूचि २

# कार्यक्रम तालिका

| | |
|---|---|
| **९:३० - १०:००** | **नाम दर्ता** |
| १०:०० - १०:१५ | कार्यक्रम बारे जानकारी - *पुष्प शर्मा,* प्रो पब्लिक |
| १०:१५ - ११:१५ | **पहिलो सत्र**<br>**"नेपालमा कृषिको व्यावसायिकरणः अवसर र चुनौती"**<br>अध्यक्षताः *श्री दलराम प्रधान,* सह सचिव, कृषि उद्यम महाशाखा, कृषि मन्त्रालय<br>प्रस्तुतीः *डा. कृष्ण प्र. पन्त,* कृषि अर्थशास्त्री तथा उपसचिव, कृषि तथा सहकारी मन्त्रालय (**३० मिनेट**)<br>टिप्पणीः (१) *डा. शिव शर्मा,* महासचिव, राष्ट्रिय श्रम प्रतिष्ठान नेपाल (**१५ मिनेट**)<br>(२) *डा. गोपीकृष्ण सेढाई,* निर्देशक, एकिकृत स्रोत व्यवस्थापन परामर्श केन्द्र (**१५ मिनेट**) |
| ११:१५ - १२:१५ | सहभागीहरूबीच छलफल र अध्यक्षज्यूबाट पहिलो सत्रको समापन |
| **१२:१५ - ०१:१५** | **खाना** |
| ०१:१५ - ०२:१५ | **दोस्रो सत्र**<br>**"नेपालको विश्व व्यापार संगठनको सदस्यता र नेपाली कृषि क्षेत्र"**<br>अध्यक्षताः *श्री गणेश कुमार के.सी.,* सचिव, कृषि मन्त्रालय<br>प्रस्तुतीः *श्री नवीन दाहाल,* कार्यकारी निर्देशक, सावती (**३० मिनेट**)<br>टिप्पणीः (१) *श्री रत्नाकर अधिकारी,* यू.एन.डि.पि. क्षेत्रीय कार्यालय, कोलम्बो (**१५ मिनेट**)<br>(२) *श्रीमती यमुना घले उप्रेती,* कार्यक्रम अधिकृत, स्वीस विकास तथा सहयोग नियोग (**१५ मिनेट**) |
| ०२:१५ - ०३:१५ | सहभागीहरूबीच छलफल र अध्यक्षज्यूबाट दोस्रो सत्रको समापन |
| **०३:१५ - ०३:४५** | **चिया** |
| ०३:४५ - ०४:४५ | **तेस्रो सत्र**<br>**"विश्व व्यापार संगठन अन्तर्गतको बौद्धिक सम्पत्तिको अधिकारको सन्दर्भमा कृषकको अधिकार"**<br>अध्यक्षताः *श्री महेशनाथ श्रेष्ठ,* वरिष्ठ बीऊ विकास अधिकृत, राष्ट्रिय बीऊ विजन गुणस्तर नियन्त्रण केन्द्र<br>प्रस्तुतीः *श्री कमलेश अधिकारी,* कार्यक्रम संयोजक, ग्रापोल परियोजना, सावती (**३० मिनेट**)<br>टिप्पणीः (१) *श्री रञ्जन कृष्ण अर्याल,* सह सचिव, अख्तियार दुरूपयोग अनुसन्धान आयोग (**१५ मिनेट**)<br>(२) *डा. देवेन्द्र गौचन,* वरिष्ठ वैज्ञानिक, नेपाल कृषि अनुसन्धान परिषद् (**१५ मिनेट**) |
| ०४:४५ - ०५:४५ | सहभागीहरूबीच छलफल र अध्यक्षज्यूबाट तेस्रो सत्रको समापन |
| ०५:४५ - ०६:०० | **समापन** |